नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, असोज २६ गते, २०८३ साल (अतिरिक्ताङ्क ४५(क)

भाग ४

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

सूचना १

माननीय शिक्षा तथा खेलकुद मन्त्री श्री सस्मित पोखरेल निजी कामको सिलसिलामा संवत् २०८३ साल असोज २३ गते मलेसियातर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको शिक्षा तथा खेलकुद मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री श्री निशा मेहताले सम्हाल्ने गरी तोक्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना २

माननीय कृषि, वन तथा पर्यावरण मन्त्री श्री गीता चौधरी इटलीको रोममा आयोजना हुने 2026 Edition of the World Food Forum (WFF) कार्यक्रममा सहभागी हुन संवत् २०८३ साल असोज २४ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको कृषि, वन तथा पर्यावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय सूचना तथा सञ्चार मन्त्री डा. विक्रम तिमिल्सिनाले सम्हाल्ने गरी तोक्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना ३

माननीय गृह मन्त्री श्री सुधन गुरुङ भारतको नयाँ दिल्लीमा आयोजना हुने प्रथम बिमस्टेक गृह मन्त्रीस्तरीय बैठकमा सहभागी हुन संवत् २०८३ साल असोज २६ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको गृह मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय पूर्वाधार विकास मन्त्री श्री सुनिल लम्सालले सम्हाल्ने गरी तोक्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
पुष्कर सापकोटा
नेपाल सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौँमा मुद्रित। मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।